# वनगाड कुपिण्डे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### देवस्थल सल्यान
### कर्णाली प्रदेश, नेपाल

**जनशक्ति करारमा लिने सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०१**

वनगाड कुपिण्डे नगरपालिकामा आवश्यक पर्ने तपसिल बमोजिमको जनशक्ति प्रतिस्पर्धाको मध्यमबाट सेवा करारमा नियुक्ति गरी कार्य गराउनुपर्ने भएकोले योग्यता पुगेको इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन कार्यालयको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

| क्र.स. | बिज्ञापन नः | पद | तह | आवश्यक न्युनतम शैक्षिक योग्यता | संख्या | काम गर्ने संस्था |
|---|---|---|---|---|---|---|
| १ | २०८२/८३-०३ | मेडिकल अधिकृत | आठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.स. उतीर्ण गरेको र NMC मा दर्ता भएको । | १ | नगर अस्पताल |
| २ | २०८२/८३-०४ | हेल्थ असिस्टेन्ट | पाचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सक उतीर्ण गरेको र NHPC मा दर्ता भएको। | १ | |
| ३ | २०८२/८३-०५ | स्टाफ नर्स | पाचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL नर्सिंग वा सो सरह उतीर्ण गरेको र NNC मा दर्ता भएको। | १ | |
| ४ | २०८२/८३-०६ | ल्याब टेक्निसियन | पाचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट CMLT वा सो सरह उतीर्ण गरेको र NHPC मा दर्ता भएको। | १ | |
| ५ | २०८२/८३-०७ | रेडियोग्राफर | पाचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा प्रमाणपत्र वा सो सरह उतीर्ण गरेको र NHPC मा दर्ता भएको। | १ | |
| ६ | २०८२/८३-०८ | जनस्वास्थ्य अधिकृत | सातौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य बिषयमा कम्तिमा स्नातक तहमा उतीर्ण गरेको र NHPC मा दर्ता भएको। | १ | स्वास्थ्य शाखा |

१. **उमेरः** अधिकृत स्तरको हकमा २१ वर्ष पुरा भई महिलाको हकमा ४० वर्ष ननाघेको र पुरुषको हकमा ३५ वर्ष ननाघेको र सहायक स्तरको हकमा १८ वर्ष पुरा भई महिलाको हकमा ४० वर्ष ननाघेको र पुरुषको हकमा ३५ वर्ष ननाघेको।

२. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको।

३. **दरखास्त दिने स्थानः** वनगाड कुपिण्डे नगरकार्यपालिकाको कार्यालय, देवस्थल, सल्यान।

४. **दरखास्त दिने अन्तिम मितिः**२०८२/०५/१५

५. **आवेदन दस्तुरः**अधिकृत (७/८) तहको हकमा रु.१०००|- र सहायक (५) तहको हकमा रु.५००|- यस नगरपालिकाको राजश्व शाखामा बुझाउनु पर्ने छ।

६. **छनोटको किसिमः** लिखित र अन्तर्वार्ता।

७. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू

-नेपाली नागरिकताको प्रमाणपत्र
-न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र
-चारित्रिक प्रमाणपत्र
-सम्बन्धित काउन्सिलबाट जारी प्रमाणपत्र
-तालिम र कार्य अनुभव भए सोको कागजात

८. **सेवा सुविधा तथा कार्य अवधिः** प्रचलित कानून बमोजिम हुनेछ।

९. **कार्य विवरणः** नगरपालिकाले तोकेको बमोजिम कार्य गर्नुपर्ने।

१०. **परिक्षा मिति, समय र स्थानः** पछि सूचना प्रकाशित गरी जानकारी गराइनेछ।

११. **पाठ्यक्रमः** कर्णाली प्रदेश लोकसेवा आयोगले सम्बन्धित पदको लागि तोकिएको पाठ्यक्रम अनुसार हुनेछ।

१२. उल्लेखित पदको लागि आवेदनको ढांचा कार्यालयको वेबसाइट bangadkupindemun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

गोकर्ण पन्थी
प्रमुख प्रशासकीय अधिकृत